झिमरुक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भ्यागुते, प्यूठान

# झिमरुक गाउँपालिकाको आर्थिक ऐन, २०८२

## झिमरुक गाउँपालिकाको आर्थिक ऐन, २०८२

**प्रस्तावनाः** झिमरुक गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा, २२८ को उपधारा (२) बमोजिम झिमरुक गाउँ सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "झिमरुक गाउँपालिकाको आर्थिक ऐन, २०८२" रहेको छ।

(२) यो ऐन पारित भएपश्चात ऐनको रुपमा २०८२ साल श्रावण १ गतेदेखि झिमरुक गाउँपालिका क्षेत्रमा लागु हुने छ ।आर्थिक वर्ष २०८२/०८३ मा झिमरुक गाउँपालिकाबाट संकलन गरिएको कर, शुल्क लगायतका दस्तुर यसै ऐन बमोजिम भए गरेको मानिने छ ।

२. **सम्पति करः** झिमरुक गाउँपालिका क्षेत्रभित्र एकीकृत सम्पति कर विस्तृत अध्ययन गरे पश्चात लगाइने छ। झिमरुक गाउँपालिका क्षेत्रभित्र अनुसूची (१ क) बमोजिम घर कर लगाइने र असुल उपर गरिनेछ ।

३. **भूमी कर (मालपोत)ः** झिमरुक गाउँपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भूमी कर (मालपोत) लगाइने र असुल उपर गरिने छ ।

४. **घर वहाल करः** झिमरुक गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै/आंशिक तवरले वहालमा दिएकोमा अनुसूची (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असुल गरिने छ ।

५. **व्यवसाय करः** झिमरुक गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिने छ ।

६. **जडीबुटी, कवाडी र जीवजन्तु करः** विस्तृत अध्ययन पश्चात झिमरुक गाउँपालिकाका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची (५) बमोजिम कर लगाइने र असुल उपर गरिने छ ।

७. **सवारी साधन करः** झिमरुक गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिने छ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुने छ ।

८. **विज्ञापन करः** झिमरुक गाउँपालिकाका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (७) बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिने छ । ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुने छ ।

९. **मनोरन्जन करः** झिमरुक गाउँपालिकाका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूची (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिने छ । ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुने छ ।

१०. **बहाल बिटौरी शुल्कः** झिमरुक गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूची (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असुल उपर गरिने छ ।

११. **पार्किङ्ग शुल्कः** झिमरुक गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराए वापत अनुसूची (१०) बमोजिम पार्किङ्ग शुल्क लगाइने र असुल उपर गरिने छ।

१२. **ट्रेकिङ्ग, कोयोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग शुल्कः** गाउँपालिकाले पूर्वाधारको विकास तथा विस्तृत अध्ययन गरेपछि आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरे बापत शुल्क लगाइने र असुल उपर गरिने छ ।

१३. **सेवा शुल्क, दस्तुरः** झिमरुक गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूची (११) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिने छ ।

१४. **पर्यटन शुल्कः** झिमरुक गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची (१२) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिने छ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुने छ ।

१५. **कर छुटः** यसऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१६. **दण्ड जरिवानाः** प्रचलित कानुनले तोकेको बाहेकका विषयमा चालु आ.व.को असार मसान्त भित्र चुक्ता गर्नु पर्ने कर शुल्क तथा दस्तुर चालु आ.व.को असार २० गते भित्र बुझाउनु पर्ने छ । गत बिगत बर्षको कर शुल्क तथा दस्तुर नबुझाउने पक्षलाई वार्षिक २५ प्रतिशतका दरले थप जरिवाना लाग्ने छ

१७. **कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधिः** योऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि अनुसूची (१३) मा व्यवस्था भए बमोजिम हुने छ ।दण्ड, जरिवाना, कर, शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तयार गर्न सक्ने छ ।

अनुसूची-१

(ऐनको दफा १ सँग सम्बन्धित)

सम्पत्ति कर

| क.स | एकीकृत सम्पत्तिको मूल्य रु | आ.व. २०८०/०८१ को वार्षिक रु | आ.व. २०८१/०८२ को वार्षिक रु | आ.व. २०८२/०८३ को वार्षिक रु |
|---|---|---|---|---|
| १ | १ देखि १००००० सम्म | ५० | ५० | ५० |
| २ | १००००१ देखि ५००००० सम्म | १०० | १०० | १०० |
| ३ | ५००००१ देखि ७५०००० सम्म | २२० | २२० | २२० |
| ४ | ७५०००१ देखि १०००००० सम्म | २७० | २७० | २७० |
| ५ | १०००००१ देखि १२५०००० सम्म | ३२५ | ३२५ | ३२५ |
| ६ | १२५०००१ देखि १५००००० सम्म | ५०० | ५०० | ५०० |
| ७ | १५०००००१ देखि १७५०००० सम्म | ६५० | ६५० | ६५० |
| ८ | १७५०००१ देखि २०००००० सम्म | ७५० | ७५० | ७५० |
| ९ | २०००००१ देखि २२५०००० सम्म | ८५० | ८५० | ८५० |
| १० | २२५०००१ देखि २५००००० सम्म | १००० | १००० | १००० |
| ११ | २५०००००१ देखि ३०००००० सम्म | १२०० | १२०० | १२०० |
| १२ | ३००००००१ देखि ३५००००० सम्म | १४०० | १४०० | १४०० |
| १३ | ३५०००००१ देखि ४०००००० सम्म | १६०० | १६०० | १६०० |
| १४ | ४०००००१ देखि ४५००००० सम्म | १८०० | १८०० | १८०० |
| १५ | ४५०००००१ देखि ५०००००० सम्म | २००० | २००० | २००० |
| १६ | ५००००००१ भन्दा थप प्रति लाख | २२५ | २२५ | २२५ |

अनुसूची-१(क)
(ऐनको दफा २ सँग सम्बन्धित)
घर कर

| क.सं. | विवरण | आ.व. २०८०/०८१ को वार्षिक रु | आ.व. २०८१/०८२ को वार्षिक रु | आ.व. २०८२/०८३ को वार्षिक रु |
|---|---|---|---|---|
| १ | खरको छानाको घर | निशुल्क | निशुल्क | निशुल्क |
| २ | ढुङ्गा/टिन/टायल को घर | १०० | १०० | १०० |
| ३ | ढलान/ पक्की घर न्यूनतम १ तला | ६०० | ६०० | ६०० |
| ४ | ढलान/ पक्की घर थप २ तला | ६०० | ७०० | ७०० |
| ५ | ढलान/ पक्की घर थप ३ तला | ७०० | ८०० | ८०० |
| ६ | ढलान/ पक्की घर थप ४ तला | ८०० | ९०० | ९०० |
| ७ | ढलान/ पक्की घर थप ५ तला | ९०० | १००० | १००० |
| ८ | ढलान/ पक्की घर थप ६ तला | १००० | ११०० | ११०० |

अनुसूची -२
(ऐनको दफा ३ सँग सम्बन्धित)
भूमि कर/मालपोत कर

| क.सं. | विवरण | आ.व. २०८०/०८१ को वार्षिक रु | आ.व. २०८१/०८२ को वार्षिक रु | आ.व. २०८२/०८३ को वार्षिक रु |
|---|---|---|---|---|
| १ | अब्बल -१ रोपनी सम्म ) | २० | २५ | २५ |
| २ | अब्बल (१ रोपनी भन्दा माथि थप प्रति रोपनी ) | ३० | ३५ | ३५ |
| ३ | दोयम (१ रोपनी सम्म ) | १५ | २० | २० |
| ४ | दोयम (१ रोपनी भन्दा माथि थप प्रति रोपनी ) | २० | २५ | २५ |
| ५ | सीम (१ रोपनी सम्म ) | १० | १५ | १५ |
| ६ | सीम (१ रोपनी भन्दा माथि प्रति थप रोपनी ) | १५ | २० | २० |
| ७ | चाहार (१ रोपनी सम्म ) | ६ | ११ | ११ |
| ८ | चाहार (१ रोपनी भन्दा बढी प्रति थप रोपनी ) | ७ | १२ | १२ |
| ९ | खेत अव्वल (१ रोपनी सम्म) | २५ | ३० | ३० |
| १० | खेत अव्वल (१ रोपनी भन्दा माथी थप प्रति रोपनी) | ३५ | ४० | ४० |
| ११ | खेत दोयम(१ रोपनी सम्म) | २० | २५ | २५ |
| १२ | खेत दोयम(१ रोपनी भन्दा माथी थप प्रति रोपनी) | २५ | ३० | ३० |
| १३ | खेत सिम(१ रोपनी सम्म) | १५ | २० | २० |
| १४ | खेत सिम(१ रोपनी भन्दा माथी थप प्रति रोपनी) | २० | २५ | २५ |
| १५ | खेत चाहर(१ रोपनी सम्म) | ८ | १३ | १३ |
| १६ | खेत चाहर(१ रोपनी भन्दा माथी थप प्रति रोपनी) | १० | १५ | १५ |

अनुसूची-३
(ऐनको दफा ४ सँग सम्बन्धित)
घर बहाल कर

| क.सं. | विवरण | आ.व. २०८०/०८१ को वार्षिक रु | आ.व. २०८१/०८२ को वार्षिक रु | आ.व. २०८२/०८३ को वार्षिक रु |
|---|---|---|---|---|
| १ | भवन | भाडाको १०% | भाडाको १०% | भाडाको १०% |
| २ | घर | भाडाको १०% | भाडाको १०% | भाडाको १०% |
| ३ | पसल | भाडाको १०% | भाडाको १०% | भाडाको १०% |
| ४ | ग्यारेज | भाडाको १०% | भाडाको १०% | भाडाको १०% |
| ५ | जग्गा | भाडाको १०% | भाडाको १०% | भाडाको १०% |
| ६ | गोदाम | भाडाको १०% | भाडाको १०% | भाडाको १०% |
| ७ | टहरा, छप्पर | भाडाको १०% | भाडाको १०% | भाडाको १०% |
| ८ | पोखरी | भाडाको १०% | भाडाको १०% | भाडाको १०% |

अनुसूची-४
(ऐनको दफा ५ सँग सम्बन्धित)
व्यवसाय कर

| सि.नं. | व्यवसायका क्षेत्रहरू | आ.व. २०८०/०८१ को वार्षिक रु | आ.व. २०८१/०८२ को वार्षिक रु | आ.व. २०८२/०८३ को वार्षिक रु |
|---|---|---|---|---|
| क | **सुर्ति,चुरोट,मदिरा र पेय पदार्थ** | | | |
| १ | मदिरा व्यवसाय(वितरक) | १०००० | १०००० | १०००० |
| २ | मदिरा व्यवसाय(थोक) | ५००० | ५००० | ५००० |
| ३ | मदिरा व्यवसाय(खुद्रा) | २००० | २००० | २००० |
| ४ | चुरोट,बिडी,सुर्ती जन्य(वितरक) | १५००० | १५००० | १५००० |
| ५ | चुरोट,बिडी, सुर्ती जन्य(थोक) | १०००० | १०००० | १०००० |
| ६ | हल्का पेय पदार्थ(वितरक) | १५००० | १५००० | १५००० |
| ७ | हल्का पेय पदार्थ(थोक) | ५००० | ५००० | ५००० |
| ख | **आभुषण तथा सौन्दर्य व्यवसाय** | | | |
| १ | सुनचाँदी व्यवसाय(नयाँ गहना विक्री र मर्मत खुद्रा पसल र मर्मत) | ३००० | ३००० | ३००० |
| २ | सुनचाँदी व्यवसाय(खुद्रा पसल र मर्मत) | २००० | २००० | २००० |
| ३. | कस्मेटिक पसल थोक | ५००० | ५००० | ५००० |
| ४. | कस्मेटिक पसल खुद्रा | १००० | १००० | १००० |
| ५. | व्युटी पार्लर/सैलुन | १५०० | १५०० | १५०० |
| ग | **स्वास्थ्य सेवाजन्य व्यवसाय** | | | |
| १ | औषधी व्यवसाय (वितरक) | ५०००० | ५०००० | ५०००० |
| २ | औषधी व्यवसाय(थोक) | १०००० | १०००० | १०००० |

| सि.नं. | व्यवसायका क्षेत्रहरू | आ.व. २०८०/०८१ को वार्षिक रु | आ.व. २०८१/०८२ को वार्षिक रु | आ.व. २०८२/०८३ को वार्षिक रु |
|---|---|---|---|---|
| ३ | औषधी व्यवसाय(खुद्रा ) | ३००० | ३००० | ३००० |
| ४ | पशु आहार बिक्रि केन्द्र थोक | ५००० | ५००० | ५००० |
| ५ | आयुर्वेदिक औषधी व्यवसाय (थोक) | १०००० | १०००० | १०००० |
| ६ | आयुर्वेदिक औषधी व्यवसाय खुद्रा | ३००० | ३००० | ३००० |
| ७ | एग्रोभेट व्यवसाय (थोक) | ५००० | ५००० | ५००० |
| ८ | एग्रोभेट व्यवसाय(खुद्रा) | १५०० | १५०० | १५०० |
| ९ | पशु आहार बिक्रि केन्द्र खुद्रा | १००० | १००० | १००० |
| घ | **स्टेशनरी** | | | |
| १ | स्टेशनरी व्यवसाय (थोक) | ५००० | ५००० | ५००० |
| २ | स्टेशनरी व्यवसाय (खुद्रा) | २००० | २००० | २००० |
| ३ | छपाई तथा प्रकाशन(अफसेट प्रेस) | ५००० | ५००० | ५००० |
| ४ | छपाई तथा प्रकाशन(साधारण प्रेस) | २५०० | २५०० | २५०० |
| ५ | पेन्टर/साईन वोर्ड लेख्ने | ५०० | ५०० | ५०० |
| ङ | | | | |
| १ | मोटर पार्ट्स/मर्मत | १५०० | १५०० | १५०० |
| २ | लुव्रीकिन थोक पसल | १५०० | १५०० | १५०० |
| ३ | लुव्रीकिन खुद्रा पसल | १००० | १००० | १००० |
| ४ | मोटरसाइकल मर्मत | १५०० | २००० | २००० |
| ५ | बस, ट्याक्सी लगायतका सवारी साधन मर्मत | २५०० | २५०० | २५०० |
| ६ | अन्य विविध मर्मत | ५०० | ५०० | ५०० |
| r | **निर्माण व्यवसाय** | | | |
| १ | हार्डवेयर/ मेसिनरी/स्यानिटरी/मार्बल पसल(थोक) | २०००० | २०००० | २०००० |
| २ | हार्डवेयर/ मेसिनरी/स्यानिटरी/मार्बल पसल(खुद्रा) | ५००० | ५००० | ५००० |
| ३ | स्टिल आलमुनियम पसल(थोक) | २००० | २००० | २००० |
| ४ | स्टिल आलमुनियम पसल(खुद्रा) | १००० | १००० | १००० |
| ५ | फर्निचर (खुद्रा) र सामान्य | २००० | २००० | २००० |
| ६ | फर्निचर मेसिनको प्रयोग गरी काठ चिरान गर्ने | ५००० | ५००० | ५००० |
| ७ | इटा, ढुङ्गा तथा गिट्टी बालुवा बिक्री वितरण गर्ने डिपो | १५०० | १५०० | १५०० |
| ८ | प्लाइ तथा ग्लास(थोक) | ८००० | ८००० | ८००० |
| ९ | प्लाइ तथा ग्लास(खुद्रा) | १००० | १००० | १००० |
| **छ** | **पशपन्छी वधशाला** | | | |
| १. | माछा मासु विक्री व्यवसाय | २००० | २००० | २००० |
| **ज** | **कपडा तथा फेन्सी र जुत्ताचप्पल/ब्याग पसल** | | | |
| १ | कपडा/फेन्सी/जुत्ताचप्पल/ब्याग पसल(थोक) | ७००० | ७००० | ७००० |
| २ | कपडा/फेन्सी/जुत्ताचप्पल/ब्याग पसल, | ३००० | ३००० | ३००० |

| सि.नं. | व्यवसायका क्षेत्रहरू | आ.व. २०८०/०८१ को वार्षिक रु | आ.व. २०८१/०८२ को वार्षिक रु | आ.व. २०८२/०८३ को वार्षिक रु |
|---|---|---|---|---|
| | किराना पसल(खुद्रा) | | | |
| **झ** | **इलेक्ट्रोनिक पसल (मोबाइल, घडी, क्याल्कुलेटर अडियो, भिडियो विक्रि तथा मर्मत** | | | |
| १ | इलेक्ट्रोनिक पसल (मोबाइल, घडी, क्याल्कुलेटर अडियो, भिडियो, आदि)(थोक) | ५००० | ५००० | ५००० |
| २ | इलेक्ट्रोनिक पसल (मोबाइल, घडी, क्याल्कुलेटर अडियो, भिडियो, आदि)(खुद्रा) | १५०० | १५०० | १५०० |
| ३ | मर्मत सम्भार (टि.भी, फ्रिज, मोटर, पङ्खा, रेडियो, घडी जेनेरेटर, कम्प्युटर, मोबाइल (इलेक्ट्रोनिक)) | १००० | १००० | १००० |
| ` | **पेट्रोलियम पदार्थ** | | | |
| १. | पेट्रोलियम पदार्थ(ग्यास सिलिन्डर सब डिलर) | ३००० | ३००० | ३००० |
| २. | मट्टितेल मात्र बिक्री | २००० | २००० | २००० |
| **ट** | **खाद्यान्न तथा दैनिक उपभोग्य वस्तुहरु** | | | |
| १. | फलफूल/तरकारी पसल -थोक | २००० | २००० | २००० |
| २. | फलफूल/तरकारी पसल -खुद्रा | १००० | १००० | १००० |
| ३. | किराना पसल सानो बार्षिक कर | | ५०० | ५०० |
| ४. | किराना पसल सानो/ फलफुल व्यावसाय थप बार्षिक कर | | ६०० | ६०० |
| ५. | किराना पसल सानो/ फलफुल/ तरकारी व्यावसाय थप बार्षिक कर | | ७०० | ७०० |
| ६. | साना खोकामा सञ्चालन गरेको व्यवसाय/ किराना पसल | ५०० | ५०० | ५०० |
| ७. | अन्य खुद्रा पसल | १५०० | १५०० | १५०० |
| **विशेषज्ञ परामर्श तथा अन्य व्यावसायी सेवा** | | | | |
| १ | चिकित्सक | ८००० | ८००० | ८००० |
| २ | कन्सल्टेन्ट सेवा(इन्जिनियरिङ्ग)) | ८००० | ८००० | ८००० |
| ३ | कानुन व्यावसायी ल फर्म | ५००० | ५००० | ५००० |
| ४ | लेखापरीक्षण व्यावसायी | ५००० | ५००० | ५००० |
| ५ | दन्त चिकित्सक | ३००० | ३००० | ३००० |
| ६ | अनुसन्धानकर्ता परामर्शदाता | २५०० | २५०० | २५०० |
| ७ | पशु चिकित्सक | १५०० | १५०० | १५०० |
| ८ | रोजगार सेवा | २००० | २००० | २००० |
| ९ | ढुवानी  तथा ट्रान्सपोर्ट | २५०० | २५०० | २५०० |
| | **उत्पादन मूलक उद्योग/ व्यवसाय** | | | |

| सि.नं. | व्यवसायका क्षेत्रहरू | आ.व. २०८०/०८१ को वार्षिक रु | आ.व. २०८१/०८२ को वार्षिक रु | आ.व. २०८२/०८३ को वार्षिक रु |
|---|---|---|---|---|
| १ | ग्रील उद्योग | २५०० | २५०० | २५०० |
| २ | जुत्ता उद्योग सिलाई गरी विक्री गर्ने | ५०० | ५०० | ५०० |
| ३ | घरेलु कुटिर उद्योग(अगरबत्ती,मैनबत्ती, टीकी, अचार तथा अन्य कुटिर तथा आरा ) | १०० | १०० | १०० |
| ४ | कपडा तथा गार्मेन्ट सिरक डस्ना उद्योग | १००० | १००० | १००० |
| ५ | कुटानी पिसानी पेलानी/ मिल/ मसला | १००० | १००० | १००० |
| ६ | साना घरेलु विधुतीय मिल | ५०० | ५०० | ५०० |
| ७ | डेरी उद्योग/ व्यवसाय | ५०० | ५०० | ५०० |
| ८ | उपभोग्य वस्तु उत्पादन उद्योग(कुकिज / नुडल्स/दालमोठ/ पाउरोटी चाउमीन/ पापड चिप्स आदि | ५०० | ५०० | ५०० |
| ९ | वनजन्य उद्योग(काठ बिक्री डिपो तथा काठ बिक्रि) | १०००० | १०००० | १०००० |
| १० | वनजन्य उद्योग(काठ बिक्रि ६ चक्के प्रति ट्रकसम्म) | ० | ० | ३००० |
| ११ | वनजन्य उद्योग(काठ बिक्रि ६ चक्के प्रति ट्रक भन्दा माथि) | ० | ० | ४००० |
| १२ | क्रसर/कन्क्रीट/इटा भट्टा उद्योग | ५००० | ५००० | ५००० |
| १३ | ढाकाटोपी /पस्मिना उद्योग | ५०० | ५०० | ५०० |
| १४ | कपडा सिलाई कटाई (टेलरिङ्ग आधुनिक) | १००० | १००० | १००० |
| १५ | कपडा सिलाइ कटाई(हाते मेसिन) | ५०० | ५०० | ५०० |
| **होटल लज रेष्टुरेन्ट जन्य व्यवसाय** | | | | |
| १ | होटल र लज | ३००० | ३००० | ३००० |
| २ | भोजनालय | १००० | १००० | १००० |
| ३ | मिठाई पसल | ७०० | ७०० | ७०० |
| ४ | पार्टी प्यालेस | ३५०० | ३५०० | ३५०० |
| ५ | रेष्टुरेन्ट-बार | ५००० | ५००० | ५००० |
| ६ | चिया र खाजा पसल | ५०० | ५०० | ५०० |
| ७ | साना, खाजा-नास्ता पसल (मदिरा सहित)) | १००० | १००० | १००० |
| ८ | किराना पसल/मदिरा समेत | १००० | १००० | १००० |
| ९ | किराना पसल/खाजा पसल/मिठाई पसलसमेत | २००० | २००० | २००० |
| १० | टेन्ट हाउस | ३००० | ३००० | ३००० |
| **सञ्चार** | | | | |
| १ | एफ.एम. प्रसारण | २००० | २००० | २००० |
| २ | केवुल च्यानल प्रसारण | १००० | १००० | १००० |
| ३ | पत्रपत्रिका प्रकाशन सेवा | ५०० | ५०० | ५०० |
| ४ | फोटोकपी, पी.सि.ओ साइबर तथा क्याफे | ५०० | ५०० | ५०० |
| ५ | कुरियर सेवा | १००० | १००० | १००० |
| ६ | कलर ल्याब/ फोटो स्टुडियो | १००० | १००० | १००० |
| **बैंक तथा वित्तीय संस्था** | | | | |

| सि.नं. | व्यवसायका क्षेत्रहरू | आ.व. २०८०/०८१ को वार्षिक रु | आ.व. २०८१/०८२ को वार्षिक रु | आ.व. २०८२/०८३ को वार्षिक रु |
|---|---|---|---|---|
| १ | वाणिज्य बैंक प्रति शाखा | ४०००० | ५०००० | ५०००० |
| २ | विकास बैंक प्रति शाखा | ३०००० | ४०००० | ४०००० |
| ३ | फाइनान्स कम्पनी प्रति शाखा | २०००० | २५००० | २५००० |
| ४ | लघु वित्त प्रति शाखा | १५००० | २०००० | २०००० |
| ५ | मनी ट्रान्सफर | ३००० | ५००० | ५००० |
| **स्वास्थ्य संस्था** | | | | |
| १ | अस्पताल तथा नर्सिङ्ग होम स्थापना प्रतिशैया | ० | ० | ४००० |
| २ | क्लीनिक स्थापना | ० | ० | १०००० |
| ३ | आयुर्वेद अस्पताल वैकल्पिक चिकित्सा स्थापना प्रतिशैया | ० | ० | २००० |
| ४ | आयुर्वेद क्लीनिक वैकल्पिक क्लीनिक स्थापना | ० | ० | ५००० |
| ५ | डि (D) समुहका प्रयोगशाला स्थापना | ० | ० | १२००० |
| ६ | डि (E) समुहका प्रयोगशाला स्थापना | ० | ० | १०००० |
| ७ | अस्पताल तथा नर्सिङ्ग होम नविकरण प्रतिशैया | ० | ० | १००० |
| ८ | क्लीनिक नविकरण | ० | ० | १००० |
| ९ | आयुर्वेद अस्पताल वैकल्पिक चिकित्सा नविकरण प्रतिशैया | ० | ० | १००० |
| १० | आयुर्वेद क्लीनिक वैकल्पिक क्लीनिक नविकरण | ० | ० | १००० |
| ११ | डि (D) समुहका प्रयोगशाला नविकरण | ० | ० | २४०० |
| १२ | डि (E) समुहका प्रयोगशाला नविकरण | ० | ० | २००० |
| **संस्थागत विद्यालय** | | | | |
| १ | संस्थागत विद्यालय मा.वि.सम्म | १०००० | १०००० | १०००० |
| २ | संस्थागत विद्यालय आधारभूतसम्म | ५००० | ५००० | ५००० |
| ३ | निजी छात्रावास | १५०० | १५०० | १५०० |
| ४ | निजी मन्टेश्वरी | १५०० | १५०० | १५०० |
| ५ | ट्युशन सेन्टर | १५०० | १५०० | १५०० |
| ६ | शिक्षा सेवा निजी(कम्प्युटर / नृत्यकला सिकाई केन्द्र) | १००० | १००० | १००० |
| ७ | शिक्षा सेवा निजी(तालिम तथा अनुसन्धान केन्द्र) | १००० | १००० | १००० |
| | **एक्साभेटर/ ब्याक लोडर** | | | |
| १ | ब्याक लोडर १०० एच पि सम्म | ५००० | १०००० | १०००० |
| २ | ब्याक लोडर १०० एच पि माथि | ६००० | १२००० | १२००० |
| ३ | एक्साभेटर १५० -पिसी/एल सी/क्याट आदि) सम्म | ७००० | १५००० | १५००० |
| ४ | एक्साभेटर १५० -पिसी/एल सी/क्याट आदि) भन्दा माथि २०० -पिसी/एल सी/क्याट आदि) सम्म | ८००० | २०००० | २०००० |

| सि.नं. | व्यवसायका क्षेत्रहरू | आ.व. २०८०/०८१ को वार्षिक रु | आ.व. २०८१/०८२ को वार्षिक रु | आ.व. २०८२/०८३ को वार्षिक रु |
|---|---|---|---|---|
| ५ | एक्साभेटर २०० -पिसी/एल सी/क्याट आदि) भन्दा माथि | १०००० | २५००० | २५००० |
| | अन्य | | | |
| १. | भाँडा पसल | २००० | २००० | २००० |
| २. | घुमन्ते व्यापारीले व्यावसाय संचालन गर्न गाउँपालिका प्रवेश गर्दा एकमुष्ट व्यवसाय कर | | ५००० | ५००० |
| ३ | ड्राइ क्लिनिक | १५०० | १५०० | १५०० |
| ४ | फूल विरुवा पसल/ नर्सरी | ५०० | ५०० | ५०० |
| ५ | रिटलीङ् व्यावसाय (प्रति पिकअप/जिप) | ६०० | ६०० | ६०० |
| ६ | रिटलीङ् व्यावसाय (प्रति वाइक) | ६०० | ६०० | ३०० |
| ७ | रिटलीङ् व्यावसाय (प्रति टिप्पर/ट्रक) | १००० | १००० | १००० |
| ८ | जग्गा व्यवसायी | ३०००० | ३०००० | ३०००० |
| ९ | सामुदायीक वन वार्षिक आम्दानीको | ५ प्रतिशत | १० प्रतिशत | १० प्रतिशत |
| १० | ढुङ्गा, वालुवा प्रति क्यू फिट रु | | | प्रदेश कानून अनुसार |
| ११ | ढुङ्गा, वालुवा प्रति घनमिटर रु | | | प्रदेश कानून अनुसार |

अनुसूची-५
(ऐनको दफा ५ सँग सम्बन्धित )
जडीबुटी , कवाडी र जीवजन्तु कर

| क्र.सं. | जडिबुटीको किसिम | आ.व. २०८०/०८१ को वार्षिक रु | आ.व. २०८१/०८२ को वार्षिक रु | आ.व. २०८२/०८३ को वार्षिक रु |
|---|---|---|---|---|
| १ | टिम्मुर प्रति के.जी. | १० | १० | १० |
| २ | काउलोको बोक्रा प्रति के.जी. | ५ | ५ | ५ |
| ३ | तेजपात (दालचिनी)को पात प्रति के.जी. | १० | १० | १० |
| ४ | तेजपात दालचिनी)को बोक्रा प्रति के.जी. | १० | १० | १० |
| ५ | रिठ्ठा प्रति के.जी. | ५ | ५ | ५ |
| ६ | कुरीलो -प्रतिकेजी ) | १ | १ | १ |
| ७ | वनकस(प्रतिकेजी) | १० | १० | १० |
| ८ | चौपाया – व्यवसाय प्रति रागाँ भैंसी | ० | ० | ५०० |
| ९ | चौपाया – व्यवसाय प्रति बाखा/च्याङ्ग्रा/भेडा | ० | ० | १०० |
| १० | खोटो प्रति टेक्टर | १०००० | १०००० | १०००० |
| ११ | खोटो प्रति के.जी | १.५ | १.५ | १.५ |
| १२ | काठ प्रति टेक्टर | १००० | १००० | १००० |
| १३ | कवाडी निकासी कर प्रति के.जी. | | २ | २ |

अनुसूची-६
(ऐनको दफा ७ सँग सम्बन्धित)
सवारी साधन कर

| सि.नं. | राजस्वको क्षेत्रहरु | आ.व. २०८०/०८१ को वार्षिक रु | आ.व. २०८१/०८२ को वार्षिक रु | आ.व. २०८२/०८३ को वार्षिक रु |
|---|---|---|---|---|
| १ | अटोरिक्सा भाडावाला रिक्सा | ५०० | १००० | २००० |

अनुसूची-७
(ऐनको दफा ८ सँग सम्बन्धित )
विज्ञापन कर

| क.सं. | प्रकार | आ.व. २०८०/०८१ को वार्षिक रु | आ.व. २०८१/०८२ को वार्षिक रु | आ.व. २०८२/०८३ को वार्षिक रु |
|---|---|---|---|---|
| १ | डिजिटल डिस्प्ले | १००० | १००० | १००० |
| २ | पर्खाल बार भित्ता आदिमा पोतिएको प्रतिवर्ग फुट | १० | १० | १० |
| ३ | पोल व्यानर | १०० | १०० | १०० |
| ४ | साइनबोर्ड प्रति वर्ग फूट | २०० | २०० | २०० |

अनुसूची -८
(ऐनको दफा ९ सँग सम्बन्धित )
मनोरञ्जन कर

| क.सं. | विवरण | आ.व. २०८०/०८१ को वार्षिक रु | आ.व. २०८१/०८२ को वार्षिक रु | आ.व. २०८२/०८३ को वार्षिक रु |
|---|---|---|---|---|
| १ | जादु सर्कस प्रति पटक | २०० | २०० | २०० |
| २ | नाटक प्रति पटक | २०० | २०० | २०० |
| ३ | दोहोरी साँझ वार्षिक | २०००० | २०००० | २०००० |
| ४ | मेला महोत्सब ३ दिन सम्म (पहिलो ३ दिनसम्म ) | ५००० | ५००० | ५००० |
| ५ | मेला महोत्सब ३ दिन देखी ६ वढी | | | |

| | | | | |
|---|---|---|---|---|
| क | कृर्षि मेला प्रतिदिन थप | ५०० | ५०० | ५०० |
| ख | व्यापारीक मेला प्रतिदिन थप | ३००० | ३००० | ३००० |
| ग | मनोरञ्जन मेला प्रतिदिन थप | ३००० | ३००० | ३००० |
| घ | औधोगिक मेला प्रतिदिन थप | ५००० | ५००० | ५००० |

अनुसूची-९
(ऐनको दफा १० सँग सम्बन्धित )
बहाल विटौरी शुल्क

| सि.नं. | राजस्वको क्षेत्रहरु | आ.व. २०८०/०८१ को वार्षिक रु | आ.व. २०८१/०८२ को वार्षिक रु | आ.व. २०८२/०८३ को वार्षिक रु |
|---|---|---|---|---|
| १ | हाटबजार(प्रति स्टल/ वार्षिक) | ५०० | ५०० | ५०० |
| २ | पसल(प्रति वर्ग फुट मासिक | ५०० | ५०० | ५०० |
| ३ | हल भाडा(प्रति दिन) गा.पा अन्तर्गतका कार्यालय प्रयोजन वाहेक | १२०० | १२०० | १२०० |
| ४ | गाउँपालिका सभाहल हलभाडा शुल्क दैनिक | २००० | २००० | २००० |
| ५ | मल्टिमिडिया प्रति दिन (कार्यालय प्रयोजन वाहेक ) | ५०० | ५०० | ५०० |
| ६ | स्पिकर (कार्यालय प्रयोजन वाहेक ) | ५०० | ५०० | ५०० |
| ७ | कुर्सी(प्रतिदिन)(कार्यालय प्रयोजन वाहेक )प्रति पिस | ५ | ५ | ५ |

अनुसूची-१०
ऐनको दफा ११ सँग सम्बन्धित )
पार्किङ्ग शुल्क

| क.सं. | सवारी किसिम | आ.व. २०८०/०८१ को वार्षिक रु | आ.व. २०८१/०८२ को वार्षिक रु | आ.व. २०८२/०८३ को वार्षिक रु |
|---|---|---|---|---|
| १ | मोटर साइकल | १० | १० | १० |
| २ | कार | २० | २० | २० |
| ३ | बस ट्रक | ५० | ५० | ५० |
| ४ | ट्रयाक्टर | ४० | ४० | ४० |

अनुसूची-११
(ऐनको दफा १३ सँग सम्बन्धित )
सेवा शुल्क, दस्तुर

| सि.नं. | राजस्वको क्षेत्रहरु | आ.व. २०८०/०८१ को वार्षिक रु | आ.व. २०८१/०८२ को वार्षिक रु | आ.व. २०८२/०८३ को वार्षिक रु |
|---|---|---|---|---|
| | सिफारिस दस्तुर | | | |
| १ | घरजग्गा नामसारी सिफारिस | ५०० | ५०० | ५०० |
| २ | जग्गा धनी प्रमाण दर्ता पूर्जामा घर कायम सिफारिस(पक्की घर ) | ५०० | ५०० | ५०० |
| ३ | जग्गा धनी प्रमाण दर्ता पूर्जामा घर कायम सिफारिस(कच्ची घर ) | ३०० | ३०० | ३०० |
| ४ | कित्ता काट गर्ने सिफारिस (व्यापारिक प्रति कित्ता) | १००० | १००० | १००० |
| ५ | वहाल कर लेखाजोखा सिफारिस | ५०० | ५०० | ५०० |
| ६ | मोही लगत कट्टा सिफारिस | ५०० | ५०० | ५०० |
| ७ | कित्ता काट गर्ने सिफारिस (व्यक्तिगत) | ३०० | ३०० | ३०० |
| ८ | विपन्न/असहाय विद्यार्थी छात्रवृति सिफारिस | निःशुल्क | निःशुल्क | निःशुल्क |
| ९ | अपाङ्गता भएको सिफारिस/ज्येष्ठ नागरिक सिफारिस | निःशुल्क | निःशुल्क | निःशुल्क |
| १० | नागरिकता  सिफारिस | २६० | २७५ | २७५ |
| ११ | वैवाहिक अंगिकृत नागरिकता  सिफारिस | १००० | ११०० | ११०० |
| १२ | नागरिकता प्रतिलिपि सिफारिस | २६० | २७५ | २७५ |
| १३ | धारा तथा विधुत जडान सिफारिस | २०० | २५० | २५० |
| १४ | जीवित रहेको सिफारिस | २६० | २७५ | २७५ |
| १५ | नाम थर जन्म मिति शंशोधनको सिफारिस | २६० | २७५ | २७५ |
| १६ | कुनै व्यक्तिको नाम थर जन्म मिति तथा वतन फरक फरक भएको भए सो व्यक्ति एकै एकै हो भन्ने सिफारिस | २६० | ३०० | ३०० |
| १७ | व्यापार व्यवसाय बन्द भएको सिफारिस | ५०० | ५०० | ५०० |
| १८ | व्यापार व्यवसाय सञ्चालन नभएको सिफारिस | ५०० | ५०० | ५०० |
| १९ | व्यापार व्यवसाय नभएको सिफारिस | ५०० | ५०० | ५०० |
| २० | उद्योग ठाउँसारी सिफारिस | ५०० | ५०० | ५०० |
| २१ | विद्यालय ठाउँसारी सिफारिस | ५०० | ५०० | ५०० |
| २२ | विद्यालयको कक्षा थप गर्न  सिफारिस गर्ने | १००० | १००० | १००० |
| २३ | आधारभूत विद्यालय खोल्न   सिफारिस गर्ने | १००० | १००० | १००० |
| २४ | व्यक्तिगत विवरण सिफारिस गर्ने | ५०० | ५०० | ५०० |
| २५ | संरक्षक  सिफारिस गर्ने (व्यक्तिगत) | २६० | २७५ | २७५ |
| २६ | संरक्षक सिफारिस गर्ने (संस्थागत) | १००० | १२०० | १२०० |
| २७ | वन्द घर तथा कोठा खोल्न रोहबरमा बस्ने सिफारिस | ५०० | ५०० | ५०० |
| २८ | स्वास्थ्य उपचारको सिफारिस(निशुल्क उपचारको लागि) | निःशुल्क | निःशुल्क | निःशुल्क |

| सि.नं. | राजस्वको क्षेत्रहरु | आ.व. २०८०/०८१ को वार्षिक रु | आ.व. २०८१/०८२ को वार्षिक रु | आ.व. २०८२/०८३ को वार्षिक रु |
|---|---|---|---|---|
| २९ | स्वास्थ्य उपचारको सिफारिस(सशुल्क उपचारको लागि) | १०० | १०० | १०० |
| ३० | असक्त असहाय तथा अनाथको पालन पोषणको लागि सिफारिस गर्ने | निःशुल्क | निःशुल्क | निःशुल्क |
| ३१ | जग्गा मूल्याङ्कन सिफारिस | ५०० | ६०० | ६०० |
| ३२ | जग्गा धनी प्रमाण पूर्जा हराएको सिफारिस | २०० | २५० | २५० |
| ३३ | जग्गाको हक सम्बन्धमा सिफारिस गर्ने | ३०० | ३५० | ३५० |
| ३४ | सिफारिस तथा अन्य कागजातहरुलाई अग्रेजी भाषामा समेत सिफारिस गर्ने | १००० | १००० | १००० |
| ३५ | पेन्सनर सिफारिस नागरिकता अनुसार | ५०० | ५०० | ५०० |
| क | नामथर फरक रहेमा एउटै सिफारिस | | १००० | १००० |
| ख | मञ्जुरिनामा सिफारिस | | ५०० | ५०० |
| ग | नागरिकता नभएको सिफारिस | | ५०० | ५०० |
| ३६ | अपुताली सिफारिस | २५० | ५०० | ५०० |
| ३७ | स्थायी वसोवास सिफारिस | २६० | २७५ | २७५ |
| ३८ | राहदानी सिफारिस | २६० | ३०० | ३०० |
| ३९ | करचुक्ता सिफारिस | २६० | ३०० | ३०० |
| ४० | संघ प्रदेश तथा अन्य संस्थाबाट वडा भित्र संचालित योजना कार्यक्रमको सम्झौता सिफारिस दस्तुर | | | |
| | पाँचलाखसम्म | १००० | १००० | १००० |
| | पाँचलाख देखि दश लाखसम्म | २००० | २००० | २००० |
| | दशलाख देखि विस लाखसम्म | ३००० | ३००० | ३००० |
| | विस लाखदेखि माथि | ५००० | ५००० | ५००० |
| ४१ | संघ प्रदेश तथा अन्य संस्थाबाट वडा भित्र संचालित योजना कार्यक्रमको कार्यसम्पन्न सिफारिस दस्तुर | | | |
| | पाँचलाखसम्म | १००० | १००० | १००० |
| | पाँचलाख देखि दश लाखसम्म | २००० | २००० | २००० |
| | दशलाख देखि विस लाखसम्म | ३००० | ३००० | ३००० |
| | विस लाखदेखि माथि | ५००० | ५००० | ५००० |
| ४२ | **गाउँपालिकाबाट संचालित योजनाको हकमा सिफारिस दस्तुर** - | | | |
| क | १ लाख सम्मको योजनाको कार्यसम्पन्न सिफारीस दस्तुर | ५०० | ५०० | ५०० |
| ख | ५ लाख सम्मको योजनाको कार्यसम्पन्न सिफारीस दस्तुर | १००० | १००० | १००० |
| ग | ५ लाख भन्दा माथिको योजनाको कार्यसम्पन्न सिफारीस दस्तुर | १५०० | १५०० | १५०० |
| ४३ | व्यवसाय/कारोबार थपको सिफारिस दस्तुर दस्तुर | ३०० | ५०० | ५०० |
| ४४ | जातजाती प्रमाणित / सिफारिस दस्तुर | ३०० | ५०० | ५०० |

| सि.नं. | राजस्वको क्षेत्रहरु | आ.व. २०८०/०८१ को वार्षिक रु | आ.व. २०८१/०८२ को वार्षिक रु | आ.व. २०८२/०८३ को वार्षिक रु |
|---|---|---|---|---|
| ४५ | पशु पन्छी मृत्यु प्रमाणित/ सिफारिस | २६० | २७५ | २७५ |
| ४६ | नाबालक परिचयपत्र सिफारिस | २०० | २७५ | २७५ |
| ४७ | चौपाया सम्बन्धी सिफारिस | २०० | २०० | २०० |
| ४८ | व्यवसाय दर्ता गर्ने सिफारिस | ५०० | ५०० | ५०० |
| ४९ | आन्तरिक बसाइसराइ सिफारिस | २६० | २७५ | २७५ |
| ५० | व्यक्तिगत विवरण सिफारिस/ नविकरण सिफारिस | ५५० | ६०० | ६०० |
| ५१ | जग्गा दर्ता सिफारिस | ३०० | ५०० | ५०० |
| ५२ | संस्था दर्ता सिफारिस | ६०० | ६०० | ६०० |
| ५३ | घर सम्पन्न सिफारिस (पक्की) | ५०० | १००० | १००० |
| ५४ | घर सम्पन्न सिफारिस(कच्ची) | २०० | ३०० | ३०० |
| ५५ | छात्रवृत्ति सिफारिस | २०० | २०० | २०० |
| ५६ | गा.पा.का स्वास्थ्य संस्था / विद्यालयको बैक खाता खोल्ने सिफारिस | निशुल्क | निशुल्क | निशुल्क |
| ५७ | योजना माग /राहत माग आर्थिक सहयोग माग सिफारिस | निशुल्क | निशुल्क | निशुल्क |
| ५८ | cनुbfg उपलब्ध गराउने सम्वन्धी सिफारिस | १०० | १०० | १०० |
| ५९ | कर समायोजन सिफारिस | निशुल्क | निशुल्क | निशुल्क |
| ६० | राहत उपलब्ध गराउने सम्वन्धी सिफारिस | निशुल्क | निशुल्क | निशुल्क |
| ६१ | पशुपन्छिको ओसारपसारमा भेटनरी पास सिफारिस दस्तुर | ५०० | ५०० | ५०० |
| ६२ | कवाडी निकासी सिफारिस दस्तुर | १५०० | १५०० | १५०० |
| ६३ | यसऐनमा उल्लेखित नभएका जुनसुकै सिफारिस | २६० | ३०० | ३०० |
| | **प्रमाणित तर्फ** | | | |
| ६४ | नाता प्रमाणित | ५०० | ५०० | ५०० |
| ६५ | व्यक्तिगत विवरण प्रमाणित | ५०० | ५०० | ५०० |
| ६६ | संरक्षक प्रमाणित (व्यक्तिगत) | २६० | ५०० | ५०० |
| ६७ | संरक्षक प्रमाणित (संस्थागत) | १००० | १५०० | १५०० |
| ६८ | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | १०० | २७५ | ५०० |
| ६९ | जन्म मिति प्रमाणित | ३०० | ३०० | ५०० |
| ७० | घर जग्गा करको लेखाजोखा गर्ने | ५०० | ५०० | ५०० |
| ७०s | घर पाताल प्रमाणित | ५०० | ५०० | ५०० |
| ७१ | हकवाला वा हकदार प्रमाणित | ५०० | ६०० | ६०० |
| ७२ | विवाहित प्रमाणित/अविवाहित प्रमाणित | ३०० | ३५० | ५०० |
| ७३ | सिफारिस तथा अन्य कागजातहरुलाई अग्रेजी भाषामा समेत प्रमाणित गर्ने | १००० | १००० | १००० |
| ७४ | पशु पन्छी मृत्यु प्रमाणित | | निशुल्क | निशुल्क |
| ७५ | चारकिल्ला प्रमाणित | ६०० | ७०० | ७०० |

| सि.नं. | राजस्वको क्षेत्रहरु | आ.व. २०८०/०८१ को वार्षिक रु | आ.व. २०८१/०८२ को वार्षिक रु | आ.व. २०८२/०८३ को वार्षिक रु |
|---|---|---|---|---|
| ७६ | चारकिल्ला प्रमाणित सर्जिमिन सहित | १००० | १००० | १००० |
| ७७ | घर बाटो प्रमाणित(बाटो भएकोमा) | ६०० | ६०० | ६०० |
| ७८ | घर बाटो प्रमाणित(बाटो नभएकोमा) | ३०० | ३०० | ३०० |
| ७९ | विवाह प्रमाणित | ५०० | ५०० | ५०० |
| ८० | कागज/ मञ्जुरिनामा प्रमाणित | २६० | २७५ | २७५ |
| ८१ | घर सम्पन्न प्रमाणित(पक्की) | ५०० | ६०० | ६०० |
| ८२ | घर सम्पन्न प्रमाणित (कच्ची) | २०० | ३०० | ३०० |
| ८३ | अन्य सर्जिमिन/ मुचुल्का तयारी तथा प्रमाणितदस्तुर | ६०० | ६०० | ६०० |
| ८४ | वार्षीक आय श्रोत प्रमाणित/सम्पति मूल्याङ्कन | कूल आयको ०.२५% | कूल आयको ०.२५% | कूल आयको ०.२५% |
| ८५ | मासीक आय श्रोत प्रमाणित | ५०० | ५०० | ५०० |
| ८६ | तमासुक प्रमाणित गर्ने | कुल रकमको ०.५ प्रतिशत | कुल रकमको ०.५ प्रतिशत | कुल रकमको ०.५ प्रतिशत |
| ८७ | यसऐनमा उल्लेखित नभएका जुनसुकै प्रमाणित | | ५०० | ५०० |
| | **नक्सापास** | | | |
| ८८ | घर नक्सापास दस्तुर(पक्की घर प्रति वर्ग फिट) | रु २ | रु २ | रु २ |
| ८९ | घर नक्सापास दस्तुर(कच्ची घर प्रति वर्ग फिट) | २५ पैसा | २५ पैसा | २५ पैसा |
| ९० | नक्सा पास निवेदन फाराम दस्तुर | ५०० | ५०० | ५०० |
| | **घटना दर्ता दस्तुर** | | | |
| ९१ | जन्म दर्ता (३५ दिनभित्र भए निःशुल्क_ अन्यथा | २०० | २०० | २०० |
| ९२ | मृत्य दर्ता (३५ दिनभित्र भए निःशुल्क_ अन्यथा | २०० | २०० | २०० |
| ९३ | बसाइसराइ जाने आउने दर्ता(३५ दिनभित्र भए निःशुल्क_ अन्यथा | २०० | २०० | २०० |
| ९४ | सम्बन्ध विच्छेद दर्ता (३५ दिनभित्र भए निःशुल्क_ अन्यथा | २०० | २०० | २०० |
| ९५ | विवाह दर्ता(३५ दिनभित्र भए निःशुल्क_ अन्यथा | २०० | २०० | २०० |
| ९६ | पञ्जिकरण प्रतिलिपि (व्यक्तिगत घटना दर्ताको प्रतिलिपि दस्तुर ) | ५०० | ५०० | ५०० |
| | | | | |
| ९७ | राष्ट्रिय परिचयपत्रको QR कोड | - | १०० | १०० |
| ९८ | राष्ट्रिय परिचयपत्रको प्रतिलिपि दस्तुर | ५०० | - | - |
| ९९ | राष्ट्रिय परिचयपत्रको विलम्व दस्तुर | २०० | - | - |
| १०० | **शिक्षक छनोटका लागि विषय विशेषज्ञ सूची दर्ता शुल्क** | | | |
| क | आधारभूत तह | रु १००० | रु १००० | १००० |
| ख | माWoflds तह | १५०० | १५०० | १५०० |

| सि.नं. | राजस्वको क्षेत्रहरु | आ.व. २०८०/०८१ को वार्षिक रु | आ.व. २०८१/०८२ को वार्षिक रु | आ.व. २०८२/०८३ को वार्षिक रु |
|---|---|---|---|---|
| १०१ | **सहकारी संस्था दर्ता** | | | |
| क | बहुउद्देश्यीय सहकारी | ५००० | ५००० | ५००० |
| ख | कृषि सहकारी | १००० | १००० | १००० |
| ग | श्रमिक सहकारी | १००० | १००० | १००० |
| घ | वचत तथा ऋण सहकारी (महिला) | १००० | १००० | १००० |
| ङ | वचत तथा ऋण सहकारी अन्य | ५००० | ५००० | ५००० |
| च | अन्य उपभोक्ता सहकारी | १००० | १००० | १००० |
| १०२ | **सहकारी संस्था नवीकरण** | | | |
| **क** | बहुउद्देश्यीय सहकारी | १००० | १००० | १००० |
| **ख** | कृषि सहकारी | ५०० | ५०० | ५०० |
| **ग** | श्रमिक सहकारी | ५०० | ५०० | ५०० |
| **घ** | वचत तथा ऋण सहकारी (महिला) | ५०० | ५०० | ५०० |
| **ङ** | वचत तथा ऋण सहकारी अन्य | ५०० | ५०० | ५०० |
| **च** | अन्य उपभोक्ता सहकारी | ५०० | ५०० | ५०० |
| १०३ | जग्गा धितो मूल्याङ्कन | कूल मूल्याङ्कको ०.२५% | कूल मूल्याङ्कको ०.२५% | कूल मूल्याङ्कको ०.२५% |
| १०४ | **घर अभिलेखीकरण दस्तुर** | | | |
| क | पक्की प्रति वर्ग फिट | १ | १ | २ |
| ख | कच्ची प्रति वर्ग फिट | १० पैसा | १० पैसा | १०पैसा |
| १०५ | **संघ/ संस्था/फर्म /समुह संस्था/दर्ता तथा नवीकरण शुल्क** | | | |
| | | | | |
| क | गैर सरकारी संस्थाहरु(अन्तराष्ट्रिय)स्तरको अभिलेखीकरण/नविकरण | ५००० | ५००० | ५००० |
| ख | गैर सरकारी संस्थाहरु(राष्ट्रिय)स्तरको अभिलेखीकरण | १५०० | २००० | २००० |
| ग | विभिन्न संघ संस्था दर्ता /रजिष्टेशन दस्तुर | | १५०० | १५०० |
| १०६ | विभिन्न संघ संस्था वार्षिक नविकरण दस्तुर | | १००० | १००० |
| **क** | समूह दर्ता(आमा/ बालकल्व/ विभिन्न क्लव | २०० | ३०० | ३०० |
| **ख** | समूह नविकरण(आमा/ बालकल्व) | १०० | १०० | १०० |
| **ग** | संस्था नविकरण (आमा/ बालकल्व वाहेक) | २०० | २०० | २०० |
| १०७ | सूची दर्ता | २०० | ५०० | ५०० |
| १०८ | ग्रेड सिट प्रतिलिपि लिने,सच्चाउने,संसोधन गर्ने | २०० | २०० | २०० |

| सि.नं. | राजस्वको क्षेत्रहरु | आ.व. २०८०/०८१ को वार्षिक रु | आ.व. २०८१/०८२ को वार्षिक रु | आ.व. २०८२/०८३ को वार्षिक रु |
|---|---|---|---|---|
| | अन्य सेवाशुल्क | | | |
| १०९ | छलफलका लागी फिर्ता पठाइएका निवेदन दर्ता | २०० | ३०० | ३०० |
| ११० | व्यापार व्यवसाय गर्न अनुमती दिने | ५०० | ६०० | ६०० |
| १११ | विभिन्न कृषि औजार उपकरण माग निवेदन दस्तुर | १०० | २०० | २०० |
| ११२ | अवैध रुपमा गिट्टी वालुवा ढुङ्गा चोरी निकासी दण्ड जरिवाना | जिल्ला अनुगमन समितिको निर्णय अनुसार | जिल्ला अनुगमन समितिको निर्णय अनुसार | जिल्ला अनुगमन समितिको निर्णय अनुसार |
| ११३ | उजुरी/मुद्दा दर्ता र मेलमिलाप/प्रतिवाद दस्तुर | २०० | ५०० | ५०० |
| ११४ | गोवर परीक्षण सेवा | २५ | २५ | २५ |
| ११५ | खसी बनाउने सेवा | ५० | ५० | ५० |
| ११६ | वहर पाटी लगाउने सेवा | १०० | १०० | १०० |
| ११७ | पशु सेवा शुल्क | २० | २० | २० |
| ११८ | बाखा/वंगुर /सुगुर/कुखुरा / हाँस प्रति ५ रुपैया | | ५ प्रति | ५प्रति |
| ११९ | गाइ/ भैसि प्रति १० रुपैया | | १० प्रति | १० प्रति |
| १२० | संस्था नविकरण शुल्क १० लाखसम्म वार्षिक आय भएको | ३०० | ३०० | ३०० |
| १२१ | संस्था नविकरण शुल्क १० लाख सम्म वार्षिक आय भएको | ५०० | ५०० | ५०० |
| १२२ | संस्था नवीकरण शुल्क २० लाख भन्दा बढि वार्षिक आय भएको | १००० | १००० | १००० |
| | **प्राईभेट फर्म/व्यवसाय रजिष्टेशन/दर्ता** | | | |
| क | प्राईभेट फर्म दर्ता / कारोवार थप निवेदन दस्तुर | १०० | १०० | १०० |
| ख | प्राईभेट फर्म दर्ता खारेजी दस्तुर | ५०० | ५०० | ५०० |
| ग | रु १ अधिकृत पूँजीदेखि रु १ लाखसम्म | रु १००० | रु १००० | रु १००० |
| घ | रु १अधिकृत पूँजीदेखि अधिकृत रु ३ लाखसम्म | रु ३००० | रु ३००० | रु ३००० |
| ङ | रु १अधिकृत पूँजीदेखि रु ५ लाखसम्म | रु ६००० | रु ६००० | रु ६००० |
| च | महिला,अपाङ्ग र दलितलाई प्रमाणित कागजको आधारमा दर्ता शुल्कमा २५ प्रतिशत छुट | | | |
| १२३ | **प्राईभेट फर्म /व्यावसाय वार्षिक नविकरण दस्तुर** | | | |
| क | रु १देखि अधिकृत पूँजी रु १ लाख सम्म | रु ६०० | रु ६०० | रु ६०० |
| ख | रु १अधिकृत पूँजीदेखि ३ लाखसम्म | रु १००० | रु १००० | रु १००० |
| ग | रु१ अधिकृत पूँजीदेखि ५ लाखसम्म | रु १६०० | रु १६०० | रु १६०० |
| घ | आ.व. समाप्त भएको तीन महिना भित्र नविकरण नभएमा थप तीन महिनाको लागि दोब्बर दस्तुर लाग्ने | | | |

| सि.नं. | राजस्वको क्षेत्रहरु | आ.व. २०८०/०८१ को वार्षिक रु | आ.व. २०८१/०८२ को वार्षिक रु | आ.व. २०८२/०८३ को वार्षिक रु |
|---|---|---|---|---|
| | व्यवसायिक कृषि पशुपन्छी फर्म | | | |
| १२४ | कृषि,पशु पन्छी फर्म व्यवसाय दर्ता शुल्क | २०० | २०० | २०० |
| १२५ | कृषि,पशु पन्छी समूह दर्ता शुल्क | २०० | २०० | २०० |
| १२६ | बाखापालन फर्म वार्षिक नवीकरण शुल्क | १००० | १००० | १००० |
| १२७ | पशुपन्छी फर्म वार्षिक नवीकरण शुल्क | १००० | १००० | १००० |
| १२८ | कृषि फर्म वार्षिक नविकरण शुल्क | ५०० | ५०० | ५०० |
| १२९ | कृषि,पशु, पन्छी समुह वार्षिक नविकरण शुल्क | ५०० | ५०० | ५०० |
| १३० | वाखा पालन समुह वार्षिक नविकरण | ५०० | ५०० | ५०० |
| १३१ | विभिन्न उपभोक्ता समिति दर्ता दस्तुर | १००० | १००० | १००० |
| १३२ | विभिन्न उपभोक्ता समिति वार्षिक नवीकरण दस्तुर | | १००० | १००० |
| १३३ | कृषि पशुपन्छी फर्म बार्षिक कर र नवीकरण | १५०० | १५०० | १५०० |
| १३४ | **पाँच लाख भन्दा बढि पूजिका घरेलुमा दर्ता भएका प्राइभेट फर्म वडामा अभिलेखिकरण तर्फ** | | | |
| क | ५ लाख देखी १० लाख सम्मको अभिलेखिकरण | ५०० | ५०० | ५०० |
| ख | ५ लाख देखी २० लाख सम्मको अभिलेखिकरण | १००० | १००० | १००० |
| ग | ५ लाख देखी ५० लाख सम्मको अभिलेखिकरण | २००० | २००० | २००० |
| घ | ५० लाख भन्दा माथिको अभिलेखिकरण | २५०० | २५०० | २५०० |
| १३५ | पाँच लाख भन्दा बढि पूजिका घरेलुमा दर्ता भएका प्राइभेट फर्म वडामा अभिलेखिकरणको नवीकरण गर्दा | १००० | १००० | १००० |
| | **घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र दस्तुर तर्फ** | | | |
| १३६ | घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र रजिष्टेशन/दर्ता दस्तुर | ४०००० | ४०००० | ४०००० |
| १३७ | घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र नविकरण दस्तुर | ४००० | ४००० | ४००० |
| १३८ | घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र नविकरण थप दस्तुर | १००० | १००० | १००० |
| १३९ | घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रतिलिपि दस्तुर | १००० | १००० | १००० |
| १४० | घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र नाम सारी ठाउँ सारी दस्तुर | १०००० | १०००० | १०००० |
| | **अन्य शुल्क दस्तुर** | | | |
| १४१ | अन्य व्यवसाय दर्ता शुल्क | ५०० | ५०० | ५०० |
| १४२ | मृत्यु प्रमाणित दस्तुर | - | ३०० | ३०० |
| १४३ | प्राइभेट फर्म प्रमाणपत्रको प्रतिलिपी दस्तुर | | ५०० | ५०० |
| १४४ | फर्म/समुह नामसारी दस्तुर | | २०० | २०० |
| १४५ | घर अभिलेखिकरण सिफारिस दस्तुर | | ५०० | ५०० |
| १४६ | कृषि/पशुपंक्षी समुह/फर्मको प्रमाणपत्र प्रतिलिपि दस्तुर | | ३०० | ३०० |
| १४७ | घर अभिलेखीकरण प्रमाणपत्र प्रतिलिपी | | ५०० | ५०० |

| सि.नं. | राजस्वको क्षेत्रहरु | आ.व. २०८०/०८१ को वार्षिक रु | आ.व. २०८१/०८२ को वार्षिक रु | आ.व. २०८२/०८३ को वार्षिक रु |
|---|---|---|---|---|
| १४८ | विभिन्न उपभोक्ता समिति खारेजी दस्तुर | | २०० | २०० |
| १४९ | मूल दर्ता दस्तुर | | १००० | १००० |
| १५० | मूल दर्ता नवीकरण | | ५०० | ५०० |
| १५१ | घरेलुका सक्कल फाइल फिर्ता दस्तुर | | १००० | १००० |
| १५२ | कृषि /पशु/पंछि /फर्म/समुह/ अन्य संघ संस्था/समिति/ खारेजी | | ५०० | ५०० |
| १५३ | कृषि /पशु/पंछि /फर्म/समुह/ प्रमाणपत्र प्रतिलिपी दस्तुर | | ३०० | ३०० |
| १५४ | गा.पा.को ब्याक हो लोडर प्रयोग प्रतिघण्टा | २८०० | २८०० | २८०० |
| १५५ | यसऐनमा उल्लेखित नभएका जुनसुकै संस्था / व्यवसाय नविकरण दस्तुर | | २५० | २५० |

अनुसूची-१२

ऐनको दफा १४ सँग सम्बन्धित)

पर्यटन शुल्क

| क्र.सं. | पर्यटक किसिम | आ.व. २०८०/०८१ को वार्षिक रु | आ.व. २०८१/०८२ को वार्षिक रु | आ.व. २०८२/०८३ को वार्षिक रु |
|---|---|---|---|---|
| १ | भारत | २५० | २५० | २५० |
| २ | सार्कभित्रका (भारत बाहेक) | १००० | १००० | १००० |
| ३ | एसियाभित्रका | १५०० | १५०० | १५०० |
| ४ | अन्य मुलुकका | २००० | २००० | २००० |

अनुसूची - १३

(ऐनको दफा १६ सँग सम्बन्धित)

झिमरुक गाउँपालिकालाई बुझाउनु पर्ने कर,शुल्क,दस्तुरहरुको विवरण तालिका

| क्र.सं. | करको विवरण | कस्ले तिर्ने | कहाँ तिर्ने | कति तिर्ने | कहिले तिर्ने | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | घर जग्गा कर/ सम्पति कर | घर धनीले | गाउँ कार्यपालिकाको कार्यालय/वडा कार्यालयमा | नियमानुसार | असार २० भित्र | |
| २ | घर बहाल कर | घर धनीले वा सम्झौता अनुसार | गाउँ कार्यपालिकाको कार्यालय/वडा कार्यालयमा | नियमानुसार | असार २० भित्र | |
| ३ | मालपोत कर | जग्गा धनीबाट | गाउँ कार्यपालिकाको कार्यालय/वडा कार्यालयमा | नियमानुसार | असार २० भित्र | |

| क्र.सं. | करको विवरण | कस्ले तिर्ने | कहाँ तिर्ने | कति तिर्ने | कहिले तिर्ने | कैफियत |
|---|---|---|---|---|---|---|
| ४ | व्यवसाय कर | व्यवसायीबाट | गाउँ कार्यपालिकाको कार्यालय/वडा कार्यालयमा | नियमानुसार | असार २० भित्र | |
| ५ | सवारी कर | सवारी धनीले | गाउँ कार्यपालिकाको कार्यालय/वडा कार्यालयमा | नियमानुसार | दर्ता /नविकरण गर्दा | |
| ६ | मनोरञ्जन कर | सेवा प्रदायकले | गाउँ कार्यपालिकाको कार्यालय/वडा कार्यालयमा | नियमानुसार | असार २० भित्र / सोही दिन | |
| ७ | वहाल बिटौरी कर | सम्बन्धितले | गाउँ कार्यपालिकाको कार्यालय/वडा कार्यालयमा | नियमानुसार | असार २० भित्र / सोही दिन | |
| ८ | विज्ञापन कर | सम्बन्धितले | गाउँ कार्यपालिकाको कार्यालय/वडा कार्यालयमा | नियमानुसार | विज्ञापन राखु पूर्व | |
| ९ | सेवा शुल्क सम्बन्धी दस्तुरहरु | सेवा प्राप्त गर्नेले | सेवा प्राप्त गर्ने कार्यालयहरुमा | नियमानुसार | सेवा प्राप्त गर्दा | |
| १० | पर्यटन कर | पर्यटकले | गाँउ कार्यपालिकाको कार्यालयमा | नियमानुसार | प्रवेश गर्दा | |
| ११ | पार्किङ्ग शुल्क | पार्किङ गर्नेले | गाउँ कार्यपालिकाको कार्यालय/वडा कार्यालयमा | नियमानुसार | पार्किङ्ग हुँदा | |

झिमरुक गाउँसभाको बैठकबाट मिति २०८२/३/१० मा पारित यो ऐन स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १९ को उपदफा ८ बमोजिम प्रमाणित गर्दछु ।

..................................

पित बहादुर महतरा क्षेत्री
अध्यक्ष
मितिः२०८२/३/१०